स्थानीय सरकार
पाँचपोखरी थाङ्पाल गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
थाङ्पालधाप, सिन्धुपाल्चोक
**बागमती प्रदेश, नेपाल**
२०७३

प.स. २०८१/०८२ (प्रशासन शाखा)
च.न. १५६०

मिति : २०८२/०२/१६

श्री कार्यपालिका सदस्यज्युहरु ।

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने सम्बन्धमा ।

प्रस्तुत विषयानुसार यस पाँचपोखरी थाङपाल गाउँपालिकाको मिति २०८२/०२/२१ गते बुधबारका दिन विहान १३ औं गाउँकार्यपालिका बैठक हुने र उक्त बैठकमा तपशिल बमोजिमका विषयहरुमा छलफल हुने भएको हुँदा यहाँहरुको गरिमामय उपस्थितका लागि हार्दिक अनुरोध छ ।

स्थान : ज्वोथान रिसोर्ट, आमायाङग्री बेशक्याम्प, पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. २

तपशिल

१. चालु आ.ब.को आय व्ययको समिक्षा सम्बन्धमा ।
२. विषयगत समितिहरुको बैठक सम्बन्धमा ।
३. विविध समन्धमा ।

लक्ष्मण कुईकेल
प्रमुख प्रशासकिय अधिकृत

लक्ष्मण कुईकेल
प्रमुख प्रशासकिय अधि...

स्थानिय सरकार
पाँचपोखरी थाङपाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थाङपालधाप सिन्धुपाल्चोक
बागमती प्रदेश नेपाल
२०७३

लक्ष्मण कुईकेल
प्रमुख प्रशासकिय अधिकृत

## पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२

बैठक नं.- १३ बैठक मिति:- २०८२/०२/२१

बैठक स्थान:- ~~गाउँकार्यपालिका हल~~ अध्यक्ष कक्ष

आज मिति २०८२/०२/२१ गते यस पाँचपोखरी थाङपाल गाउँकार्यपालिकाका अध्यक्ष श्री टासी लामाज्यू को अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति:-

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टासी लामा | अध्यक्ष | |
| २ | श्री सुनिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री आलोक कुमार स्याङ्बो | सदस्य | |
| ४ | श्री बाबुलाल स्याङ्बो | सदस्य | |
| ५ | श्री डिमा छिरिङ तामाङ | सदस्य | |
| ६ | श्री कुल बहादुर बस्नेत | सदस्य | |
| ७ | श्री काले गोले | सदस्य | |
| ८ | श्री नारायण भट्टराई | सदस्य | |
| ९ | श्री सुके तामाङ | सदस्य | |
| १० | श्री विष्णु बहादुर खड्का | सदस्य | |
| ११ | श्री लक्ष्मी तामाङ | सदस्य | |
| १२ | श्री रीता तामाङ | सदस्य | |
| १३ | श्री लक्ष्मी तामाङ | सदस्य | |
| १४ | श्री कल्पना पण्डित | सदस्य | |
| १५ | श्री टासी शेर्पा | सदस्य | |
| १६ | श्री विमला विश्वकर्मा | सदस्य | |
| १७ | श्री लक्ष्मण कुइकेल | सचिव | |

प्रमाणित

१ राय प्र. थाँपर्य प्र. प्र. अ.

स्थानीय सरकार पाँचपोखरी थाङपाल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थाङपालधाप, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

लक्ष्मण कुइकेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

### आ.व. २०८१/०८२

बैठक नं.- १३  बैठक मितिः- २०८२/०२/२१

बैठक स्थानः- झ्याबोथान रिसोर्ट वडा नं. २

<table>
<tr><th>सि.नं</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td>१.</td><td>गत कार्यपालिकाको निर्णय समिक्षा सम्वन्धमा ।</td><td>पाँचपोखरी थाङपाल गाउँपालिकाको मिति २०८२/०१/१७ गते भएको गाउँकार्यपालिकाको बैठकवाट भएका सवै निर्णयहरु कार्यन्वयनका सम्वन्धमा समिक्षा भएको सर्वसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>२.</td><td>समिक्षा सम्वन्धमा ।</td><td>पाँचपोखरी थाङपाल गाउँपालिकाको चालु आ.व. ०८१/०८२ को नीति तथा कार्यक्रम बमोजिम विनियोजन भएका योजना तथा कार्यक्रमहरुको कार्य प्रगतीको समिक्षा गरियो ।</td></tr>
<tr><td>३.</td><td>विषयगत समितिको बैठक तथा वडा वजेट सिलिङ सम्वन्धमा ।</td><td>आगामी आर्थिक वर्ष ०८२/०८३ को नीति तथा कार्यक्रमका लागि विषगत योजना निर्माण लागि विषयगत समितिका बैठक २०८२ जेठ मसान्त भित्र बैठक वसि कार्यक्रम पेश गर्न लगाउने तथा वडागत योजना निर्माणका लागि पत्राचार गर्ने र वडागत योजनाका लागि वडा नं. ३ ४ र ६ का लागि वजेट सिलिङ नतोक्ने र वडा नं. १, २, ५, ७ र ८ लाई रु ४० लाख नवढ्ने गरी वजेट सिमा निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>४.</td><td>रकमान्तर सम्वन्धमा ।</td><td>पाँचपोखरी थाङपाल गाउँपालिकाको आ.व. ०८०/०८१ को गाउँसभावाट विनियोजन भएका तपशिल वमोजिमका शिर्षकहरुवाट तपशिल वमोजिमको रकमहरु तपशिलका शिर्षकहरुमा रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>तपशिल
<table>
<tr><th>क्र.स.</th><th>रकमान्तर हुने शिर्षकहरु</th><th>रकम</th><th>रकमान्तरवाट खर्च गर्नुपर्ने शिर्षकहरु</th><th>रकम</th></tr>
<tr><td>१</td><td>पदाधिकारी तलब</td><td>४०००००</td><td>औषधी खरिद</td><td>५०००००</td></tr>
<tr><td>२</td><td>कर्मचारी पारिश्रमिक</td><td>३०००००</td><td>मर्मत</td><td>५०००००</td></tr>
<tr><td>३</td><td>आईटी अफिसर तलब</td><td>२०००००</td><td>ईन्धन</td><td>५०००००</td></tr>
<tr><td>४</td><td>करार कर्मचारी पारिश्रमिक</td><td>५०००००</td><td>भ्रमण खर्च</td><td>२०००००</td></tr>
<tr><td>५</td><td>भेटनरी औजार भाडा</td><td>१०००००</td><td>मशलन्द</td><td>२०००००</td></tr>
<tr><td>६</td><td>अनुदान फिर्ता</td><td>२०००००</td><td>विविध भाडा</td><td>१७२०००</td></tr>
<tr><td>८</td><td>अन्य सेवा शुल्क</td><td>१०००००</td><td></td><td></td></tr>
<tr><td>९</td><td>सवारी भाडा</td><td>२७२०००</td><td></td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२०७२०००</td><td>जम्मा</td><td>२०७२०००</td></tr>
</table></td></tr>
<tr><td>५.</td><td>विविध निर्णय सम्वन्धमा ।</td><td>पाँचपोखरी थाङपाल गाउँपालिकाको ११ औं गाउँकार्यपालिका बैठकवाट तपशिल वमोजिमका विविध निर्णयहरु गर्ने सर्वसम्मत निर्णय गरियो ।<br><u>तपशिल</u><br>(१) पाँचपोखरी थाङपाल गाउँपालिकाका पुर्व वडा अध्यक्ष श्री सुर्यमान दोङ क्यान्सर जस्तो जटिल रोगवाट पिडित भएकाले निजको उपचारका लागि आ.व. ०८१/०८२ स्वीकृत वार्षिक बजेटमा विनियोजन भएको अन्य सेवाशुल्क शिर्षकबाट अस्पतालको विल पेश भए पश्चात रु. १ लाखसम्म आर्थिक सहायता भुक्तानी गर्न प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
</table>

प्रमुख प्रशासकिय अधिकृत

स्थानिय सरकार
पाँचपोखरी थाङपाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल
२०७३

CamScanner

## पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

### आ.व. २०८१/०८२

बैठक नं.- १३  बैठक मितिः- २०८२/०२/२१

बैठक स्थानः- झ्याबोथान रिसोर्ट वडा नं. २

| | | |
|---|---|---|
| | | (२) पाँचपोखरी थाङपाल गाउँपालिकाको आ.व. ०८१/०८२ को स्वीकृत वार्षिक वजेटमा विनियोजन भएको महिला तर्फको बाँकी रहेको बजेट रु. ३ लाख बाट न्युन आय भएका यस पालिकाका महिलाहरुलाई आय आर्जनका लागि कुखुरा वितरण गर्ने गरी कार्यक्रम गर्न दिने सर्वसम्मत निर्णय गरियो ।<br>(३) पाँचपोखरी थाङपाल गाउँपालिका अर्न्तगत मेलम्ची भोताङ सडक खण्ड अर्न्तगत वडा नं. ८ को खस्रे वालुवा टापु खेत खण्डमा सडक भासिएर यातायत आवत जावत गर्न कठिनाई भई सडक निर्माण गरिएकाले प्राविधिकको विल र प्रहरी मुचुल्का समेतका आधारमा रु. ६० हजार गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषवाट भुक्तानी गर्न प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो ।<br>(४) पाँचपोखरी थाङपाल गाउँपालिका आ.व. ०८१/०८२ को स्वीकृत वार्षिक वजेट अर्न्तगत गाउँपालिकाको सिंचाई शिर्षकमा विनियोजन भएको रु. ८ लाख मध्येवाट रु. ५६५०० वडा नं. २ वरुवा रहेको मनि डाडाँ सिंचाईका लागि विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>५) पाँचपोखरी थाङपाल गाउँपालिका अर्न्तगत वडा नं. ७ मा रहेको भोटेनाम्लाङ खानेपानीमा रु. १ लाख ५० हजार विनियोजन भएको वडा नं. ७ वडा कार्यालयको निर्णय अनुसार भोटेनाम्लाङ मोटरवाटो ग्राभेल व्यवस्थापनमा रकमान्तर गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।<br>६) पाँचपोखरी थाङपाल गाउँपालिका शिक्षा विकास कार्यकम अर्न्तगत अविभावक सचेतना कार्यकम अर्न्तगत विनियोजन भएको रु २ लाख भोताङ देवी मावि कक्षा कोठा व्यवस्थापनका लागि रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>७) पाँचपोखरी थाङपाल गाउँपालिका शिक्षा विकास कार्यकम अर्न्तगत नमुना विद्यालय भ्रमण कार्यकम रु. ५ लाख मध्येवाट आठ वटै वडामा रहेका विद्यालयहरुको स्थलगत निरिक्षण अनुगमनका गर्न विवध खर्चका लागि रु. १ लाख ९६ हजार विनियोजन गर्ने र प्रमुख प्रशासकिय अधिकृतलाई भुक्तानी गर्न आदेश दिने सर्वसम्मत् निर्णय गरियो ।<br>८) पाँचपोखरी थाङपाल गाउँपालिकाका कार्यालय प्रयोजनका लागि प्राविधिक ल्याव सामाग्री खरिद भएकामा गाउँपालिका कन्ट्रीजेन्सी रकमवाट भएकोमा सो खरिद कार्यलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो । |

लक्ष्मण कुईकेल
प्रमुख प्रशासकिय अधिकृत